भएको यस विषयको सामग्रीलाई एकत्रित पारेर अरूको अगाडि कसरी प्रभावशाली गवाहीको साधनको रूपमा प्रस्तुत गर्नसक्नुहुन्छ?





# येशुको पुनरुत्थानमा शक्ति

**यस अध्ययनका लागि पढ्नुहोस्:** मत्ती २७:६२-६६, लुका २४:३६-३९, प्रेरित ३:१४-१६, १ कोरन्थी १५, फिलिप्पियनस् ३:१७-१०।

**स्मरण गर्नुपर्ने पद**: " जीवितचाहिँ म नै हुँ, म मरेको थिएँ, र हेर, म सदासर्वदाका निम्ति जीवित छु !" प्रकाश १:१८।

इस्टरको समय आउँदै थियो। एक जना शिक्षिकाले आफ्ना विद्यार्थीहरूलाई स्कुल वरिपरिका बगैंचामा पठाइन्। उनले हरेकलाई एउटा सानो बाकस दिएर यो काम अऱ्हाइन्: यस बाकसमा यस्तो कुनै चिज राखेर ल्याऊ, जुन जीवनको प्रतीक हो। जब बालबालिकाहरू फर्केर आए, हरेकले बाकस एक पछि अर्को गर्दै खोलेर देखाए। पहिलो बाकसमा पूतली थियो, जो खोल्ने बित्तिकै उडेर गयो। अरू कसैका बाकसमा पात थियो भने कसैकोमा साना हाँगाहरू थिए। तर एक जनाको बाकसचाहिँ खाली थियो।

"कस्तो मूर्ख रहेछ !" एक जना विद्यार्थीले ठूलो स्वरले भने, "एक जनाले त खटाइएको कामै गरेन छ !"

यस समय फिलिप भन्ने केटो जो उदास चरित्रको (Down Syndrome) थियो, ऊ बोल्दछः "यो मेरो बाकस हो।"

"अनि फिलिप," त्यो ठूलो स्वरले कराउने केटाले नरोकीकन भन्यो, "तिमीले त मिसले भनेको कामै गरेनौ !"

"अहँ" फिलिपले संकोच नमानि जवाफ दिए, "किनभने चिहान त खाली थियो !"

त्यस बेलादेखि फिलिपलाई सबैले सम्मानपूर्वक व्यवहार गर्न थाले। त्यसको केही समय पछि उसको मृत्यु भयो र उसको अन्त्येष्टिमा उसको क्लासका सबै विद्यार्थीहरूले आफ्ना मृतक साथीको सम्मानको निम्ति खाली बाकसहरू लिएर आए।

हो वास्तवमा, चिहान खाली थियो !" अनि त्यही खाली चिहानमा संसारका सबै इसाईहरूका निम्ति महान् आशा पहिल्याएको पाउँछौं। यस अध्यायमा हामीले येशुको पुनरुत्थानले कस्तो आशालाई दृष्टिगत गरी हाम्रो जीवनलाई सार्थक बनाउन सक्दछौं भनेर हेर्नेछौं।

## १. येशुको पुनरुत्थानको विवरण- भाग १ (मत्ती २७:६२-६६)

धेरै निर्णायक घटनाहरूले गर्दा इसाई आस्था सबल भएको पाउँछौ, जस्तै येशुको मानव अवतार, क्रुस र दोश्रो आगमनको आशा आदि। तर यी सबै घटनाहरूमा पुनरुत्थान अत्यन्त धरोहरको रूपमा खडा भएको छ भने पनि हुन्छ। यसले येशुको क्रुसलाई पनि माथ गरेको पाउँछौ, जुन हामीले गत अध्यायमा हेर्‍यौं। किनभने येशुको पुनरुत्थानबिना इसाईहरूको आस्था निकम्मा हुन्छ। त्यसकारण जबजब येशुका मृत्युका बारेमा कुरा गर्छौं, स्वाभाविक रूपमा उहाँको पुनरुत्थानलाई समावेश गर्नु उचित ठानिन्छ। यो इसाई आस्थाको मूल शिक्षा वा दर्शन हो।

संसारका सबै धर्महरूमा यहुदी र इसाई मतले मात्र पुनरुत्थानको अवधारणाप्रति वचनवद्ध भएको पाउँछौं, अनि इसाई धर्मले मात्र यसको उपादेयतालाई केन्द्रित गरेको हुन्छ। इसाई आस्थाले मात्र यो यकिन गर्दछ, यसको मूल प्रवर्तकको मृत्युबाट पुनरुत्थान नै यो धर्मको जग हो। सबै सुसमाचारका लेखकहरूले आफ्ना पुस्तकहरूको मुख्य भाग यस असाधारण वृत्तान्तको घटनाले ओगेटेका छन्। यो असाधारण घटनालाई सुसमाचारको चारै पुस्तकहरूमा समाविष्ट गरिएको छ। तिनीहरूले येशुको पुनरुत्थानलाई यसरी स्पष्ट रूपमा लेखेका छन् जसले गर्दा यसलाई पूर्णतया विश्वसनीय बनाउँदछ।

देहायका पदहरूले येशुको पुनरुत्थानको विश्वसनीयतालाई कुन घटनाहरूले पुष्टि गर्दछन्?

<u>मत्ती २७:५०-५३, २७:५४-५६, २७:५७-६१ (मर्कुस १५:४२-४७सँग दाँज्नुहोस्), २७:६२-६६।</u>



येशुले भन्नुभयो, अब यिनीहरू सैतानको पासोबाट उम्किएका छन्; मैले यिनीहरूलाई उद्धार गरें। मेरो शक्तिको प्रथम फलस्वरूप यिनीहरूलाई मैले ल्याएको छु, ताकि म जहाँ छु यिनीहरू पनि मसँगै रहून र कहिल्यै पनि मृत्युलाई चाख्न नपरोस् र कष्टको अनुभूति नहोस्।""- एलेन जि ह्वाईट, "द लर्ड इज रिजन्" पृ. ७८६, *द डिजाएर अभ्* एजेज् पुस्तकमा।

**चिन्तनमननः**

क. १ कोरन्थी १५ लाई पढ्नुहोस्। किनकि यसले नयाँ करारमा पुनरुत्थानको सिद्धान्तलाई धरोहरको रूपमा प्रस्तुत गरेको छ। पुनरुत्थान, इसाई जगतको आधारभूत शिक्षाहरूमध्ये एक प्रमुख भएकोले पावलले त्यसको पक्षमा कस्तो तर्क दिएका छन्? यदि तपाईंले यी पदहरूलाई आत्मसात् गर्नु भयो भने, मानिस मर्ने बित्तिकै स्वर्गमा जान्छ भन्ने तर्कलाई कस्तो निरर्थक बनाइदिन्छ? मानिस मरेपछि तुरन्तै उसको अस्तित्व के हुन्छ भन्ने हाम्रो बोधलाई यी पदहरूले कसरी समर्थन गर्दछन्? पुनरुत्थानको प्रतिज्ञाले सेभेन्थ-डे एडभेन्टिस्टको विश्वासमा कस्तो निर्णायक भूमिका खेल्दछ जसले गर्दा मृत्युप्रति हाम्रो धारणामा असर पर्दछ?

ख. यस प्रश्नका बारेमा सोच्नुहोस्, र एक आपसमा छलफल गर्नुहोस्ः यदि मृत्यु नै सबै थोक हो र मृत्यु पछि जीवनको सबै अस्तित्वको सदासर्वदा अन्त हुन्छ भन्ने शिक्षामा तपाईंले विश्वास गर्नुभयो भने तपाईंले कस्तो फरक जीवन बिताउनुहुन्छ होला?

ग. बाइबलमा उल्लेख गरिएका सबै यस्ता पदहरूलाई हेर्नुहोस् जसले येशुको पुनरुत्थानलाई प्रमाणीकरण गर्दछ र यसले गर्दा तपाईंको विश्वासलाई मजवुत बनाउँछ। हाम्रो जीवनमा येशुको पुनरुत्थानको विश्वास कति बाध्यात्मक छन? तपाईंले पाउनु

र (ग) यस्तो गजबको समाचार अरूलाई सुनाउन परमेश्वरको अलौकिक शक्ति हामी सबैलाई प्राप्त हुनसक्दछ (युहन्ना १४:१२, प्रेरित १:८)।

हामी मरेपछि बिउँतिनेछौं भन्ने प्रतिज्ञा र आशाले गर्दा यस संसारमा जे भए तापनि वा हाम्रो जीवनमा जे भए तापनि उचित परिप्रेक्ष्यमा दृष्टिगत गरी हाम्रो जीवनलाई सञ्चालन गर्न कसरी ऊर्जा मिल्न सक्दछ? तपाईंकै जीवनमा यो आशा भएन भने के हुने थियो, सो सोच्नुहोस्।

**उपसंहारः**

थप जानकारीः "सापटीमा लिएको युसुफको चिहान माथि येशुले विजय पूर्वक यो घोषणा गर्नुभयोः 'पुनरुत्थान र जीवन म नै हुँ।' यी वचनहरू केवल परमेश्वरले मात्र बोल्न सक्दछ। सारा सृष्टि परमेश्वरको इच्छा र शक्तिले मात्र रहन बाँच्न सक्दछन्। तिनीहरू परमेश्वरले दिने जीवनको भरोसामा रहन्छन्। उच्च स्थानमा रहने स्वर्गदूतदेखि लिएर छुद्र जीवसम्म जीवनको श्रोतमा भर पर्नुपर्दछ। जो परमेश्वरसँग एक हुन्छ त्यससँग मात्र जीवन न्यौछावर गर्ने शक्ति हुन् त्यसलेनै आफूलाई ब्यूँताउने सामर्थ्य आफैसँग छ भनी दावी गर्न सक्दछ। उहाँ परमेश्वर भएको कारणले, मृत्युको पासोलाई छियाछिया गर्ने शक्ति उहाँको आधिपत्यमा छ।"- एलेन जि ह्वाईट, "द लर्ड इज रिजन्" पृ. ७८५, *द डिजाएर अभ्* एजेज् पुस्तकमा ।

"येशुको सेवाकार्यकालमा उहाँले मरेकाहरूलाई बिँउताएर नव जीवन दिनु भएको थियो। नैन सहरको विधवाको छोरालाई बिउँताउनु भएकोथियो, त्यसै गरि सभाघरका पदाधिकारीकी छोरी र लाजरसलाई पनि बौराउनुभएको थियो। यस संसारमा तिनीहरू बौरी उठे तापनि फेरि मृत्युमा तिनीहरू सम्मिलित हुनुपरेको थियो। तर येशुको पुनरुत्थान भएको बेलामा जो चिहानबाट बौरी उठे, तिनीहरूलाई अनन्त जीवन प्रदान गरिएको थियो। मृत्यु र चिहानमाथि विजय उहाँले हासिल गरेको हुनाले तिनीहरू पुरस्कारस्वरूप येशुसँग स्वर्गमा उत्रिएका थिए।



यहाँ जुन जुन घटनाहरू उल्लेख गरिएका छन् ती सबै सार्वजनिक थिए। मत्तीले आफ्नो सुसमाचार इ.सं ७० मा लेखेको भनेर विश्वास गरिएको छ। त्यस ताकासम्म कतिपय प्रत्यक्षदर्शीहरू जिउँदै भएको कारणले मत्तीका विवरणलाई तिनीहरूले खण्डन गर्न सक्दथे। यदि यो विवरण झुटो भएको भए इसाई धर्मको स्थापनाका लागि कसैले न चासो नै दिन्थ्यो न त त्यसका निम्ति कोही ज्यान गुमाउन पनि तयार हुन्थ्यो। सुसामाचारका लेखकहरूले दावी र किटान गरेका तलका घटनाहरूलाई गलत भनेर चुनौती दिएको भए के हुन्थ्यो होला?

मन्दिरको पर्दा टुप्पोबाट च्यात्तिनु (निश्चय नै त्यस्तो अचम्मको अस्वाभाविक क्षणलाई हेर्न त्यस मन्दिरका पुजारीहरू नभएको होला त?), भूकम्पको धक्का अवश्यमेव तत्कालका जनसमूहमा सार्वजनिक र व्यापक हुन सक्दथ्यो, मरेकाहरू पुनरुत्थान भएर सहरका धेरै मानिसहरूकहाँ देखापर्नु (यदि यो सत्य नभए, लेखकहरूले अतिरञ्जित गरेर लेख्नुपर्ने कारण के थियो?)) रोमी सेनटुरियन वा अफिसर र उसका सह सिपाहीहरू प्रत्यक्षदर्शी हुनु, येशुलाई चिहानमा राखेर रोमी सरकारको छाप लगाएर बन्द गर्नु, त्यस चिहानलाई पहरा दिन विशेष सिपाहीहरू खटाउनु, आदि, यसको सूची लामो नै हुनसक्दछ। यी ठोस घटनाहरूलाई कसैले पनि कुनै रूपमा न त प्रतिवाद गरेको पाइन्छ न त कसैले त्यसलाई ठम्याइराख्न सुरक्षात्मक कदम चालेको पाउँछौं।

## २. येशुको पुनरुत्थानको विवरण- भाग २ (लुका २४:३६-३९)

येशुको मृत्यु वरिपरि भएका घटनाहरूका सूची अघिल्लो बुँदामा हेर्‍यौं। ती घटनाहरू स्पष्ट, तर बढाईचढाई नलेखेको कारण पुनरुत्थानको वृत्तान्तको वास्तविकतालाई सराहनीय मानेर त्यसको विश्वसनीयता प्रति ढुक्क हुनसक्दछौं। यही सिलसिलामा अरू केही पदहरू पनि उल्लेख गर्न चाहन्छौं।

यी पदहरूमा के मूल सन्देशहरू प्रस्तुत गरेका छन्? यी सबै पदहरूमा के कुरामा एक मत भएको देख्दछौं?

मत्ती २८, मर्कुस १६, लुका २४:१०-४४।

हुनत उपर्युक्त सूचीले युहन्नालाई उद्घृत गरेको छैन, यद्यपि सुसमाचारका चारै लेखकहरूले येशुको पुनरुत्थानको बारेमा विस्तृत रूपमा उल्लेख गरेको पाउँछौ।

यसरी येशुको पुनरुत्थानमा सबैले किन एकमत देखाएका छन्? हाम्रो विश्वासमा येशुको पुनरुत्थानले कस्तो उल्लेखनीय भूमिका खेल्दछ?

ऐतिहासिक चर्चका आस्थाले सन्त पावलको अभिव्यक्तिलाई पूर्ण सहमत देखाएको पाउँछौँ: 'यदि येशु पुनरुत्थान हुनुभएन भने, तिमीहरूको आस्था या विश्वास निकम्मा हुनेछ' (१ कोरन्थी १५:१७)। अरू सबै इसाई शिक्षादीक्षा वा दर्शन पुनरुत्थानको घोषणामा आधारित भएको पाउँछौं। बडादिन वा ख्रिष्टमसको महत्त्व त्यस बालकको जन्मको बारेमा आधारित छ जसलाई परमेश्वरले उसको मृत्युबाट बौराउनुभयो; गुड फ्राइडे वा शुभ शुक्रवार केवल अर्को सहिद दिवस मात्र हुनेछ यदि जो मर्नुभएको थियो उसको पुनरुत्थान भएन भने; चर्चमा प्रभु भोजको विधिको स्थापना काल्पनिक मात्र हुनेछ, यदि प्रभु येशुले ती चेलाहरूका सामु त्यस अन्तिम पटक रोटी भाँच्नु भएन भने"- आलान रिचार्डसन, सम्पादक., "रीजरेक्सन अभ क्राइस्ट", *अ डिक्सेनरी अभ् क्रिश्चियन थियोलोजी* (फिलादेल्फिया: द वेस्टमिनिस्टर प्रेस, १९६९), पृ. २९०।

येशुको पुनरुत्थानले शारीरिक र आध्यात्मिक रूपमा विश्वासीहरूलाई शक्तिसम्पन्न बनाएको यस बुँदाका पदहरूमा हामीले यो हेऱ्यौं। येशुले चिहानको बन्धनलाई तोड्नुभयो; विश्व साम्राज्य रोमीको लालमोहरलाई टुक्राइदिनुभयो; चिहान फुटेर उघारियो। अनि उहाँ आज पनि घोषणा गर्नुहुन्छः "जीवित म नै हुँ: म मरेको थिएँ, र अब हेर म सदासर्वदाकानिम्ति जिउँदो भएको छु !" (प्रकाश १:१८)। यदि तपाईंलाई कसैले तपाईंका लागि येशुको पुनरुत्थानको औचित्य कसरी सावित भएको छ भनेर सोध्यो भने दस शब्दहरूमा कसरी व्यक्त गर्न सक्नुहुन्छ?



धरापमा परेर उहाँको पुनरुत्थानको यथार्थलाई विवादमा ल्याउन चाहन्छन्। उनीहरूले पुनरुत्थानको घटनालाई पौराणिक दन्त्यकथाको हो, वर्तमान नयाँ पुनरुत्थानको जीवनयापन गर्ने केवल सङ्केत मात्र हो, र येशुको नैतिक शिक्षालाई मात्र आत्मसात् गर्नुपर्दछ भनेर प्रस्तुत गर्न खोज्दछन्।

झट्ट हेर्दा यो तर्क मनासिव देखिए तापनि यो मानवीय तर्कमा आधारित भएको हुनाले यसले परमेश्वरको स्पष्ट वचनको शिक्षालाई हुत्याइदिन्छ। येशुको पुनरुत्थान अक्षरशः हो भनेर, अत्यन्त स्पष्टसाथ र विवादरहित तरिकाले बाइबलमा प्रस्तुत गर्दछ।

हाम्रा लागि येशुको पुनरुत्थान सङ्केत वा रूपकको रूपमा लिन कुनै आपत्ति छैन यदि परमेश्वरको वचनले यसरी नै प्रस्तुत गर्दछ भने, तर बाइबलले येशु अक्षरशः शारीरिक रूपमै बौरी उठ्नुभयो भनेर स्पष्ट पार्दछ। र जब हामीले पुनरुत्थानलाई ग्रहण गरेर हाम्रो जीवनलाई स्थिर गराउन सक्यौं भने, कुनै पनि मृत्युको सामना गर्नु परे तापनि यसको आशाले हामीलाई स्फुर्त पारि नै रहन्छ। जुनसुकै प्रतिकूल अवस्थामा पनि येशुभक्तको जीवनमा यसले ऊर्जा दिइनै रहन्छ। यस संसारमा हामीलाई जे सुकै भए तापनि येशु मृत्युबाट बौरिनुभएकाले हामी पनि बौरिनेछौं विश्वास र आशालाई कसैले पनि हल्लाउन सक्दैनन्। पुनरुत्थानको प्रतिज्ञाले हामीले सबै कुरालाई उचित परिप्रेक्ष्यमा राख्न मद्दत पुऱ्याउँछ।

देहायका पदहरू पढ्नुहोस्। यी पदहरूले हाम्रो आफ्नै पुनरुत्थानका बारेमा के आश्वस्त पारेको छ?

युहन्ना ५:२५-२९, युहन्ना ११:२३-२६, १ कोरन्थी १५:५१-५८, प्रकाश १:१८

येशुको पुनरुत्थानले तीनवटा निश्चितताहरूको औचित्यलाई स्थापना गर्दछः (क) कि हाम्रो भविष्य येशुमा सुरक्षित छ (१ पत्रुस १:३-१५) (ख) कि मृत्यु भनेको पराजित शत्रु हो (१ कोरन्थी १५:२०-२२),

विद्युतीय चुम्बकको तेजलाई केन्द्रीकरण गरेको झैं, पत्रुसले येशुको पुनरुत्थान नै शक्तिको श्रोत हो भनेर तीन पटक साक्षी बहकाएको पाउँछौं। सच्चुचमा भन्ने हो भने, येशुका बारेमा गरेको प्रचारमा उहाँको पुनरुत्थानलाई नै पत्रुसले लक्षित गरेको पाउँछौं (प्रेरित ५:४०-४२)।

"मारिएका र बेइज्जतले थुप्रिएका अगुवाका बाह्र वा अरू निराश अथवा गतिहीन ठानिएका चेलाहरूको जीवनमा येशु जिउँदो हुनुहुन्छ भनेर विश्वासमा अडिग हुँदा मानवीय इतिहासमा कर्मठ र सक्रिय झुण्डहरूमा तिनीहरूले अग्र स्थान ओगेटेको पाउँछौं। उनीहरूमाथि आगोका ज्वालाहरू जिब्राका रूपमा खनेको थियो भनेर पढ्दछौं। बौल्नै नजान्ने, वा लाज मान्ने मानिसहरू प्रखर वक्ताहरू भएका थिए। येशुका बारेमा दिने सन्देश जसलाई सुसमाचार भनेर भनिन्छ, त्यसलाई तिनीहरूले तत्कालीन ग्रीस (युनान)-रोमी संसारमा घन्काइदिए। जेरुसलेममा पेन्टिकोस्टको समयमा माथिको एउटा कोठाबाट प्रारम्भ भएको सन्देश यस्तो प्रचण्ड रूपमा फैलियो तिनीहरूको आफ्नै पुस्तामा रोमी साम्राज्यका हरेक मुख्य सहरहरूमा त्यसले जरा गाडिसकेको थियो।"-हस्टन स्मीथ, *द इलेस्ट्रेटेड वर्ल्ड रिलिजनस्,* (न्यु योर्कः हार्परकलिलनस्, १९८६), पृ. २१५।

येशुको पुनरुत्थानको विषयमा पावलले व्यक्त गरेका अति प्रभावशाली अभिव्यक्ति १ कोरन्थी १५ पढ्नुहोस्। इसाईहरूका निम्ति येशुको पुनरुत्थान कत्तिको केन्द्रविन्दु भएको छ? अर्थात्, हाम्रो विश्वास यसमा कत्तिको अड्किएको छ? तपाईंका प्रिय जनहरू छन् जो बितिसकेका छन्? पावलको कुन खास विषयले तपाईंको कष्टकर जीवनमा ठूलो सान्त्वना ल्याउँदछ?

**५. हाम्रो आफ्नै पुनरुत्थानको जवानी दिनु हुन्छ १ कोरन्थी १५:२०**

अक्षरशः शारीरिक रूपमै येशुको पुनरुत्थान भएको थियो भनेर नयाँ करारमा जतिसुकै वर्णन गरिए तापनि कतिपय उदारवादी धार्मिक पण्डितहरूले (चाहे बाइबलविद्हरू नै किन नहून्) विज्ञान र तर्कहरूको



**३. येशुको पुनरुत्थानले परमेश्वरले संसारलाई कस्तो प्रेम गर्नुहुँदोरहेछ भनेर प्रदर्शन गर्ने अभियानलाई सञ्चालन गर्न विश्वासीहलाई शक्ति सम्पन्न गराउँछ (प्रेरित ३:१४-१६)**

मरेको भविष्यवक्ताको पुनरुत्थान भयो भन्ने जस्तो अनौठो घटना म्लेच्छ वा परमेश्वरमा विश्वास नगर्ने रोमी साम्राज्यमा आगो जस्तै कसरी सल्कियो होला यदि येशुको पुनरुत्थान प्रमाणित नभएको भए? केही माछा मार्ने जलाहारीहरू, करकार्यालयका कर्मचारी जस्ता मानिसहरूले किन यस्तो कपोलकल्पित विचित्रको घटनालाई आविष्कार गरे होलान्? उनीहरूले मनगढन्ते कथालाई आविष्कारै गरे तापनि, तिनीहरूले त्यसप्रति किन यस्तो कडासत्य हो भनेर विश्वास गरे होलान् जसको फलस्वरुप तिनीहरूले आफ्नो विचारलाई समर्थन गर्न आफ्ना परिवार र ईष्टमित्रहरूलाई त्याग्न राजी भए, र साथै येशु बौरिनुभयो भनेर दावी गर्दै उहाँका लागि आफ्नो जीवनलाई आहुति दिए होलान्?

निसन्देहः आफ्ना स्वामीको गिरफ्तारी, मुद्दा चलानी वा न्यायिक जाँच, र क्रुसको मृत्युदण्डले तिनीहरूको हृदय छियाछिया भएको थियो, मानसिक आघातले छटपटिएका थिए र पराजितको मनस्थितिले हरेस खाएका थिए। येशुको मृत्युको लगत्तै तिनीहरू यो सबै भ्रम हो भनी उहाँको मोर्चामा रहेका भित्री चेलाहरू तितरबितर भएर पुरानै ढाँचामा ढल्कन थालेका थिए। तिनीहरू पहिलाकै जीवन यापन गर्न अग्रसर भएका थिए, (यो वृत्तान्त उनीहरू आफैले वर्णन गर्दछन्)। उनीहरू फेरि माछा मार्ने व्यवसायमा लागे भनेर उल्लेख गरिएको छ (प्रायजसो चेलाहरूको पूर्व व्यवसाय यो नै थियो)। उनीहरू जस्तै अरू माछाका व्यवसायमा नलाग्ने चेलाहरू, जस्तै मत्ती र साइमन जिलट, पनि हतोत्साह भएर अब के गर्ने भनेर सोचमग्न भएका होलान्।

अनि केही हप्तापछि पेन्टिकोस्टमा तिनीहरूमाथि पवित्र आत्मा खन्याइँदा तिनीहरूको जीवन अचानक तडकभडकसाथ झल्किन थाल्यो (प्रेरित २)। जब पत्रुसले सुरो भएर बिनाकागज पेन्टिकोस्ट प्रवचन

दिए, उसको मुख्य प्रसङ्ग नै येशु जीवित हुनुहुन्छ, उहाँको पुनरुत्थान भयो र स्वर्गमा परम पिताका सामु महिमित भएर खडा हुनुभएको छ भनेको थियो। येशु जिउँदै हुनुहुन्छ भनेर अचम्मलाग्दो घोषणाले श्रोतावर्गको हृदयमा गजबसँग यस्तो प्रभाव प-यो, तिनीहरूले, "भाइहरू हो, अब हामी के गर्ने?" भनेर एकैसाथ प्रतिक्रिया जनाए (प्रेरित २:३७)।

प्रारम्भिक चेलाहरूले पुनरुत्थानको समाचार कुनै सन्की स्वामीको बहकाउ कथा मात्र हो भनेर त्यो भन्दा अरू राम्रो बाटो रोजेर त्यस्तो मनगढन्ते कुरालाई परित्याग गर्न उनीहरूले चाहेनन्। बरु त्यसको विपरीत, येशुको पुनरुत्थान नै प्रारम्भिक प्रेरितहरूको प्रचारको मूल विषय पारेर उहाँका बारेमा सुनाउन निडर भएर अभियान चलाए। पत्रुस र अरू चेलाहरूले उपर्युक्त विषयलाई बराबर जोड दिएर प्रचार गरेका थिए।

प्रेरित ३:११-१६, ४:८-१२, ७:५४-५६, १७:२९-३१ पढ्नुहोस्। तिनीहरूले कुन विषयलाई मूल मानेर प्रचार गरे र किन?

"प्रारम्भिक इसाईहरूका लागि येशुको पुनरुत्थानको खबर नै उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने विश्वासलाई सावित गरेको थियो.....यही विन्दुबाट नै येशु मसिह हुनुहुन्छ र उहाँको राज्यको प्रारम्भ भएको थियो र... त्यो नै यस संसारमा परमेश्वरको महिमित युगलाई उहाँले उद्घाटन गरेर प्रारम्भ भएको (भनेर ठोकुवासाथ निडर भएर सारा जनमानसको हृदयमा घचघच्याई प्रचार गरेका थिए)।"- *इन्टरप्रेटर्स डिक्सनेरी अभ् द बाइबल,* ठेली आर-जेड, पृ. ४४।

पावलले फिलिप्पीका विश्वासीहरूलाई "येशु र उहाँको पुनरुत्थानको शक्तिको" चाहना वा आवश्यकताको महसुस गर्दै पत्र लेखेका थिए (फिलिप्पी ३:१०)। यसको तात्पर्य के हो? येशु मर्नु भएको र पुनरुत्थान भएको दुई हजार वर्षजति भयो, त्यस घटनालाई इतिहासको पानामा मात्र नथन्क्याई वर्तमान समयमा पनि त्यसलाई समय सापेक्ष मानी, के हाम्रा जीवनहरूमा पनि येशुको पुनरुत्थानको



शक्तिको अनुभूति पाउन सक्दछौं? (उदाहरणमा हेर्नुहोस्: युहन्ना ३:३, रोमी ६:१-१२)

**४ येशुको साक्षी बन्न उहाँ शक्ति सम्पन्न बनाउनुहुन्छ (फिलिप्पी ३:७-१०) (Provided Authority for Witnessing)**

प्रेरितहरूले सुसमाचार प्रचार र सेवाकार्य गर्दा पुनरुत्थानले उनीहरूलाई शक्तिसम्पन्न बनाएको हामी देख्दछौं। अपाङ्गलाई पत्रुसले व्यक्त गरेका अभिव्यक्तले पुनर्जीवित येशुको समाचारमा कस्तो ठोस भरोसा राखेको रहेछ भनेर प्रदर्शन गर्दछः "नाजरथको येशुको नाउँमा उठ र हिँडडुल गर" (प्रेरित ३:६)। जब लङ्गडो सद्दे भएर उफ्रिँदा सारा मानिसहरू चकित भएर पत्रुसको वरिपरि झुम्मिएका थिए, पत्रुसले तिनीहरूलाई कसरी येशुलाई मुद्दा चलाएर क्रुसमा टाँगिएको थियो भनेर सम्झाउँदै (पद १३,१३), सुसमाचारतिर आफ्नो भाषण लम्क्याउँछ, तर सुरुमा उसको वक्तव्यको उद्देश्यलाई यसरी व्यक्त गर्दछः "तिमीहरूले जीवनको लेखकलाई मार्‍यौ, तर परमेश्वरले उहाँलाई मृत्युबाट बौराउनु भयो" (पद १५)। त्यही येशुको पुनरुत्थानको शक्तिले नै यो अपाङ्ग हिँड्न सक्ने भएको हो भनेर पत्रुसले ठोकुवा गरेर भन्दछ। "येशुको नाउँमा आस्था राखेको हुनाले यो मानिस बलियो भयो। येशुको नाउँ र उहाँमा विश्वास गरिएकोले यो मानिस पूरा निको भयो (पद १६)।

यस सानदार आश्चर्य कामलाई बेवास्ता गरेर, पत्रुसलाई सत्ताधारीहरूले पकडे र यस्तो अनौठो कामको बारेमा स्पष्टीकरण मागेः "कुन शक्ति वा नाउँले तिमीले यो काम गर्‍यौ?" (प्रेरित ४:७)ऽ्। येशुका बारेमा गवाही दिन अवसर गुमाउन नचाहेकाले आफ्नो मनपर्ने प्रसङ्ग, जुन येशुको पुनरुत्थान हो, त्यसका बारेमा सम्बोधन गर्दै तिनीहरूलाई चुनौती दिँदछः "त्यही नासरथ येशुको नाउँमा, जसलाई तपाईंहरूले क्रुसमा टाँग्नु भयो तर परमेश्वरले मरेकोबाट विउँताउनु भयो, यो मानिस चङ्गा भएर उभिएको छ" (पद १०)।